जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८
सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता
राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

वर्ष-२१ | अंक - १३० | २०८३ वैशाख ३१ गते बिहीबार | Thursday, 14 May 2026 | मूल्य ७ /-



## नेपाल-भारत सम्बन्धमा 'आइस ब्रेक'को संकेत

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

३

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

आमा डेन्टल केयर प्रा. लि.

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बरः 023-577816

हाम्रा उपलब्ध डाक्टरहरु
१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलब्ध छ।

## संक्षेप

### प्रतिनिधिसभाको सचिवमा अधिकारी

**दमक/** प्रतिनिधि सभाको सचिवमा प्रकाश अधिकारी नियुक्त भएका छन्। राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधि सभाका सभामुख डीपी अर्यालको सिफारिसमा अधिकारीलाई प्रतिनिधि सभाको सचिवमा नियुक्त गरेका हुन्।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा १०६ को उपधारा (१) बमोजिम संखुवासभाका अधिकारीलाई सङ्घीय संसद, प्रतिनिधि सभाको सचिव पदमा नियुक्त गरेको राष्ट्रपति कार्यालयले जनाएको छ। राष्ट्रपति पौडेलले हिजो यसअघिका सचिव हर्कराज राईलाई पदमुक्त गरेका थिए।

### नेपाल आयल निगमका भट्टको राजीनामा

**दमक/** नेपाल आयल निगम लिमिटेडका कार्यकारी निर्देशक डा। चण्डिकाप्रसाद भट्टले पदबाट राजीनामा दिएका छन्। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार उनले बुधबार राजीनामा बुझाएका हुन्। मन्त्रालयका सूचना अधिकारी सूर्यप्रसाद चापागाईंले भोलिदेखि लागू हुने गरी राजीनामा दिएको जानकारी दिएका छन्।

उद्योगमन्त्री गौरीकुमारी यादवले राजीनामा दिन आग्रह गरेपछि भट्टले पद छाडेको बताइएको छ। उनलाई २०८० फागुन २६ गते तत्कालीन सरकारले तीन वर्षका लागि नियुक्त गरेको थियो।

### रोशनी वादी नियन्त्रणमा

दमक। सर्वोच्च अदालतको इजलासमै हुलहुज्जत गरेको आरोपमा वादी अभियन्ता रोशनी वादीलाई प्रहरीले नियन्त्रणमा लिएको छ। उनलाई सिंहदरबार प्रहरी वृत्तमा राखिएको प्रहरीले जनाएको छ।

चलचित्र 'लालीबजार' विरुद्ध रिट दायर गरी मुद्दाको सुनुवाइका लागि इजलासमा उपस्थित भएकी वादीले सुनुवाइका क्रममा हुलहुज्जत गरेपछि नियन्त्रणमा लिइएको हो। उनले उक्त चलचित्रले वादी समुदायका महिलालाई बदनाम गरेको भन्दै प्रदर्शन रोक्न माग गर्दै आएकी छन्। केही दिनअघि उनी रास्वपा सभापति रवि लामिछानेको गाडी अगाडि सुतिदिएको घटनाले पनि चर्चा पाएको थियो।

### ३८ लाख रुपैयाँ हिनामिना आरोपमा ५ पक्राउ

**काठमाडौं/** शिवराज नगरपालिका अन्तर्गतको आधारभूत स्वास्थ्य सेवा अस्पताल चन्द्रौटामा करिब ३८ लाख रुपैयाँ हिनामिना भएको आरोपमा ५ जनालाई प्रहरीले पक्राउ गरेको छ।

आर्थिक वर्ष २०८१/०८२ को आर्थिक कारोबारमा अनियमितता भएको भन्दै नगरपालिकाले दिएको उजुरीपछि अनुसन्धान गर्दा अस्पतालको सेवा शुल्क र औषधि बिक्रीबाट उठेको रकम बैंकमा पूरा जम्मा नभएको भेटिएको प्रहरीले जनाएको छ।

लेखा परीक्षणका क्रममा १२९ थान बैंक भौचर भए पनि ३८ लाख १९ हजार ७७० रुपैयाँ बराबरको रकम नेपाल बैंक लिमिटेड चन्द्रौटा शाखामा जम्मा नभएको पाइएको हो।

अस्पताल व्यवस्थापन समितिको उजुरीपछि प्रहरीले संलग्न व्यक्तिहरूलाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा अस्पताल, नगरपालिका र बैंकका कर्मचारीहरू रहेका छन्। उनीहरूमाथि ठगी तथा आपराधिक विश्वासघातको आरोप लगाइएको छ।

### सत्तारुढ दल रास्वपा केन्द्रीय समिति विघटन

# पहिलो महाधिवेशन घोषणा

खगेन्द्र कार्की




**दमक/** रास्वपाको पहिलो महाधिवेशन असारमा, केन्द्रीय समिति विघटन गरेर सुरू भयो नयाँ अध्याय दमक नेपाली राजनीतिमा छोटो समयमै असाधारण उभार ल्याएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अब आ ्नो संगठनात्मक यात्राको नयाँ चरणमा प्रवेश गरेको छ। स्थापना भएको चार वर्षमै संघीय संसदमा बलियो उपस्थितिसहित सरकारको नेतृत्व गरिरहेको रास्वपाले अब पहिलो महाधिवेशन गर्ने तयारी अघि बढाएको छ। बुधबार वनस्थलीस्थित पार्टी केन्द्रीय कार्यालयमा बसेको केन्द्रीय समिति बैठकले आगामी असार ७, ८ र ९ गते चितवनमा पहिलो महाधिवेशन आयोजना गर्ने निर्णय गरेको हो। महाधिवेशनको मिति तय भएसँगै पार्टीको वर्तमान केन्द्रीय समिति स्वतः विघटन गरिएको छ। अब सोही समिति "महाधिवेशन मूल आयोजक समिति" मा रूपान्तरण भएर काम गर्नेछ।

बैठकले सभापति रवि लामिछानेको संयोजकत्वमा मूल आयोजक समिति गठन गरेको छ। महामन्त्री कविन्द्र बुर्लाकोटीका अनुसार अब पार्टीका सम्पूर्ण केन्द्रीय गतिविधि महाधिवेशन आयोजक समितिमार्फत सञ्चालन हुनेछन्। नेपालको राजनीतिक इतिहास हेर्दा नयाँ दलहरूले छोटो समयमै जनमत त तान्ने गरेका छन्, तर संगठनलाई संस्थागत बनाउन भने कठिनाइ भोग्ने गरेका उदाहरण प्रशस्तै छन्। २०४६ सालपछि उदाएका धेरै दल समयसँगै विभाजन र नेतृत्व विवादमा हराए। तर रास्वपाले भने पहिलो चरणमै आफूलाई "आन्दोलनबाट संस्थागत दल" मा रूपान्तरण गर्ने प्रयास थालेको विश्लेषण भइरहेको छ।

२०७९ सालमा स्थापना भएको रास्वपाले सोही वर्षको संघीय निर्वाचनमा भाग लिएर २२ सांसद जित्न सफल भएको थियो। त्यसयता पार्टीले लोकप्रियता तीव्र रूपमा विस्तार गर्दै २०८२ सालको निर्वाचनमा झण्डै दुई तिहाइ अर्थात् १८२ सिटसहित सरकारको नेतृत्व गरिरहेको छ। यही कारण पनि रास्वपाको पहिलो महाधिवेशनलाई नेपाली राजनीतिमा विशेष चासोका साथ हेरिएको छ।

बैठकले महाधिवेशन सफल बनाउन विभिन्न उपसमिति समेत गठन गरेको छ। प्रतिनिधि व्यवस्थापन समिति, प्रतिवेदन तथा प्रस्ताव मस्यौदा समिति, प्रचारप्रसार समिति, सूचना तथा प्रविधि व्यवस्थापन समिति, आवास तथा भोजन बाँकी ४ पेजमा ▸▸

# दमक अस्पतालमा ६ शैयाको क्याविन सञ्चालन

### सय शैयाको स्तरोन्नतिका लागि प्रक्रिया सुरु



**दमक/** दमक अस्पतालमा बढेको चाप र सेवाग्राहीको माग बमोजिम दमक अस्पताललाई सुविधा सम्पन्न गराउन ६ शैयाको क्याविन बुधबारदेखि सञ्चालनमा आएको छ। दमक नगरप्रमुख रामकुमार थापाले सो क्याविनको रिबन काटेर उद्घाटन गरे। स्वास्थ्य चौकीका रूपमा स्थापना भएको अस्पतालले २०७३ सालदेखि १५ शैयाको नगर अस्पतालका रूपमा सेवा सुरू गरेको थियो। हाल अस्पतालले आ ्नै आन्तरिक स्रोतबाट सेवा विस्तार गर्दै आधुनिक उपचार प्रणालीलाई प्राथमिकता दिएको जनाएको छ।

दमक अस्पतालले बिरामीहरूको सहजताका लागि ल्याइएको क्याबिन कक्षमा एक चिकित्सक र नर्स सहितको स्वास्थ्यकर्मीको उपस्थितिमा सेवा उपलब्ध रहनेछ। क्याबिन सेवाअन्तर्गत २ वटा कोठामा सिङ्गल वेड तथा २ वटा कोठामा डवल वेड सहित ६ वटा बेड उपलब्ध रहेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट कृष्ण शाहले बताएका छन्।

अस्पतालको सेवा थप प्रभावकारी बनाउन स्थानीय सरकारले प्रदेश र संघीय सरकारसँग नयाँ कार्यक्रम तथा अत्याधुनिक उपकरणका लागि पहल भईरहेको थापाले बताए।

नगरप्रमुख थापाका उनका अनुसार उक्त क्याविनहरू आवश्यकता अनुसार थप हुँदै जाने छ। सोही क्रममा थापाले बुधबारदेखि नै सो अस्पताललाई सय बेडको बनाउने प्रक्रियाको थालनी भएको जानकारी दिए। सय बेडको बाँकी ४ पेजमा ▸▸

### निर्वाचन आयोगको प्रस्ताव

# प्रदेश र स्थानीय तहको चुनाव एकै पटक

**दमक/** निर्वाचन आयोगले २०८४ सालमा हुने स्थानीय तह र प्रदेश सभाको निर्वाचन एकै मितिमा सम्पन्न गर्न राजनीतिक दलहरूलाई प्रस्ताव गरेको छ। आयोगका अनुसार २०८४ वैशाख ३० गते स्थानीय तह र सोही वर्ष मङ्सिर ४ गते प्रदेश सभाको पदावधि समाप्त हुने भएकाले यी दुवै तहको निर्वाचन एकैपटक गर्दा राज्यको करिब ४ अर्ब रूपियाँभन्दा बढी खर्च बचत हुने कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले जानकारी दिए। निर्वाचनलाई मितव्ययी, प्रविधिमैत्री र व्यवस्थित बनाउने उद्देश्यले राजनीतिक दलहरूसँग मङ्गलबार विशेष छलफल गरिएको उनले जनाए। आयोगको कार्यालयमा आयोजित छलफलमा निर्वाचन सुधारका विविध पक्षबारे परामर्श भएको पनि उनको भनाई छ। छलफलका क्रममा गत निर्वाचनमा जनप्रतिनिधिहरूले राजीनामा दिएर प्रतिनिधि सभामा प्रतिस्पर्धा गरेपछि रिक्त रहेका ७४ स्थानीय तहका पदहरु तथा प्रदेश सभाका रिक्त पदहरूमा निर्वाचन गर्ने विषयमा पनि परामर्श भएको छ। यस्तै सुदूरपश्चिम प्रदेशबाट राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने एक सदस्यको निधन भई रिक्त रहेको बाँकी ४ पेजमा ▸▸

## कायम भए १७ मन्त्रालय

**दमक/** संघीय सरकारमा मन्त्रालयको संख्या १७ मा झारिएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित २२ वटा रहेकोमा सरकारले कार्यविभाजन नियमावलीमार्फत मन्त्रालयको संख्या घटाएर १७ मा झारेका हो। बुधबार बसेको मन्त्रिपरिषद् बैठकले कार्यविभाजन नियमावली २०८३ स्वीकृत गर्ने निर्णय गरेको छ। यससँगै अब प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १८ वटा मन्त्रालय कायम भएका छन्।

गाभिएका र खारेज गरिएका मन्त्रालयहरूको सूची रापपत्रमा प्रकाशित हुने प्रधानमन्त्री तथा मन्त्रपरिषदको कार्यालयका प्रवक्ता हेमराज अर्यालले जानकारी दिए। प्रधानमन्त्री तथा परिषद्को कार्यालयका सचिव गोविन्दबहादुर कार्की नेतृत्वको पुनर्संरचना व्यवस्थापन सचिवालयले युवा तथा खेलकुद, खानेपानी तथा सरसफाइ, शहरी विकास र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय खारेज गर्नुपर्ने राय दिएको थियो। अब खेलकुदलाई शिक्षा मन्त्रालय गाभेर शिक्षा तथा खेलकुद मन्त्रालय नाम दिइनेछ। बाँकी ४ पेजमा ▸▸

## एसईईमा झापाबाट फोर जीपीए ल्याउने ५६ जना

**झापा/** यस वर्षको माध्यमिक शिक्षा परीक्षा एसइईमा झापाका ५६ जना विद्यार्थीले ४ जीपीए ल्याउँदै उत्कृष्ट नतिजा हासिल गरेका छन्। शिक्षा विकास तथा समन्वय इकाई झापाका अनुसार १० वटा सामुदायिक विद्यालयबाट १४ जना तथा २९ वटा संस्थागत विद्यालयबाट ४२ जना विद्यार्थीले ४ जीपीए प्राप्त गरेका हुन्।

उत्कृष्ट नतिजा ल्याउनेमध्ये साधारण धारतर्फ ५२ जना र प्राविधिक धारतर्फ ४ जना विद्यार्थी रहेका छन्। जिल्लामा सबैभन्दा धेरै ४ जीपीए ल्याउने विद्यालयका रूपमा बिर्तामोडस्थित वाल्मीकि एजुकेसन फाउन्डेसन अगाडि देखिएको छ। उक्त विद्यालयका ६ जना विद्यार्थीले ४ जीपीए ल्याएका छन्। त्यसपछि दमकस्थित ग्लोबल एजुकेसन एकेडेमीका ५ जना विद्यार्थीले उत्कृष्ट नतिजा ल्याएका छन्।

यस्तै एभरेष्ट बोर्डिङ स्कुल दमक, न्यूटन्स एजुकेसन फाउन्डेसन बिर्तामोड, झापा मोडल इङ्लिस सेकेन्डरी स्कुल दमक तथा एकता एकेडेमी दमकका २२२ जना विद्यार्थीले ४ जीपीए प्राप्त गरेका छन्।

सामुदायिक विद्यालयतर्फ मोहनमाया मावि बिर्तामोड, जनता मावि गौरादह, हिमालय मावि दमक र मङ्गलमय मावि लखनपुरका २/२ जना विद्यार्थीले उत्कृष्ट नतिजा ल्याएका छन्। बाँकी ४ पेजमा ▸▸

# प्रधानमन्त्रीको जवाफ नपाएपछि प्रतिपक्षी आक्रोशित

***दमक/*** *प्रतिनिधि सभामा प्रधानमन्त्री बालेन्द्र शाहको उपस्थितिको माग गर्दै विपक्षी दलहरूले बैठक अवरुद्ध गरेका छन्। बुधबार बसेको बैठकमा सरकारको नीति तथा कार्यक्रममाथिको छलफल अघि बढाउने क्रममा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रधानमन्त्रीका तर्फबाट प्रस्ताव प्रस्तुत गर्न अनुमति पाएपछि विपक्षी सांसदहरूले आपत्ति जनाउँदै सदन अवरुद्ध गरेका हुन्।*

*विपक्षी दलका सांसदहरूले प्रधानमन्त्री स्वयं उपस्थित नभएसम्म नीति तथा कार्यक्रममाथि छलफल अघि नबढाउने अडान लिएका छन्। उनीहरूले सरकारको प्रमुखले संसद्मा उपस्थित भएर जवाफ दिनुपर्ने माग गर्दै नाराबाजीसमेत गरेका थिए।*

*यसैबीच श्रम संस्कृति पार्टीका सांसदहरूले पनि प्रधानमन्त्री उपस्थित नभएसम्म छलफलमा सहभागी नहुने भन्दै संसद् बहिष्कार गरेका छन्। त्यसपछि बैठक थप अवरुद्ध भएको थियो।*

*सभामुख डोलप्रसाद अर्यालले पटक-पटक बैठक सञ्चालनका लागि आग्रह गरे पनि विपक्षीको अवरोध कायमै रह्यो। अन्ततः सभामुखले बैठक १५ मिनेटका लागि स्थगित गर्दै दलका प्रमुख सचेतकहरूसँग सहमतिको प्रयास थालेका छन्।*

*यसैबीच, बैठकमा सांसदहरूबीच अभिव्यक्तिलाई लिएर पनि विवाद भएको छ। मंगलबार एमाले संसदीय दलका नेता रामबहादुर थापा 'बादल'ले रास्वपामाथि गरेको टिप्पणीलाई लिएर रास्वपा सांसदहरूले आपत्ति जनाएका थिए। रास्वपा सांसद मनिष खनालले उक्त अभिव्यक्ति संसद् रेकर्डबाट हटाउन माग गरेपछि एमालेका प्रमुख सचेतक ऐन महरले प्रतिवाद गरेका थिए। तर सभामुखले रास्वपाको माग अनुसार बादलको* बाँकी ४ पेजमा ▸▸

ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने।
५) कृतिम दाँत राख्ने।
६) दाँतको खोल राख्ने।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श।
१२) मुखको साधारण सल्यक्रिया सेवा। Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा। Major Sugery
१४) दाँतको Implant गर्ने।
१५) दाँतको OPD सेवा।

आवद्ध डाक्टरहरू
डा. हेम राज गैरे
डा. सि.पि. गैरे
डा. राहुल गुप्ता
डा. विवेक शिंह
डा. टंक न्यौपाने
डा. स्मारक दाहाल
डा. मोलिका श्रेष्ठ
डा. काश्मी श्रेष्ठ
डा. सायारा ढकाल
डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

# सम्पादकीय

## आखिर गरे त हुँदो रहेछ नि

माध्यमिक शिक्षा परीक्षा (एसईई) सकिएको केवल २८ दिनभित्र नतिजा सार्वजनिक हुनु नेपाली शिक्षा प्रणालीका लागि सकारात्मक र ऐतिहासिक उदाहरण बनेको छ । वर्षौंदेखि विद्यार्थी, अभिभावक र शिक्षकले भोग्दै आएको लामो प्रतीक्षाको संस्कृतिलाई यसपटक तोडिएको छ । यसले एउटा महत्वपूर्ण सन्देश दिएको छ–इच्छाशक्ति, योजना र जिम्मेवारीका साथ काम गरियो भने सरकारी संयन्त्रले पनि छिटो, प्रभावकारी र परिणाममुखी ढंगले काम गर्न सक्छ ।

नेपालमा परीक्षा सकिएपछि महिनौंसम्म नतिजा नआउँदा विद्यार्थी मानसिक तनावमा बस्न बाध्य हुन्थे । उनीहरुको भविष्य अन्योलमा पर्थ्यो । उच्च शिक्षा अध्ययनका लागि आवेदन दिने समय छुट्ने, विदेश अध्ययनको योजना प्रभावित हुने र घरपरिवार समेत चिन्तित बन्ने अवस्था रहन्थ्यो । तर यसपटक छोटो समयमै नतिजा सार्वजनिक हुँदा विद्यार्थीमा उत्साह थपिएको छ । यसले परीक्षा व्यवस्थापन प्रणालीप्रति नागरिकको विश्वास पनि बढाएको छ ।

यो उपलब्धि केवल एउटा नतिजा सार्वजनिक गर्ने कार्यमा सीमित हुनु हुँदैन । यसलाई शिक्षा क्षेत्रमा सुधारको प्रारम्भिक आधारका रुपमा लिन जरुरी छ । यदि एसईईको नतिजा २८ दिनमै दिन सकिन्छ भने लोकसेवा, विश्वविद्यालय, शिक्षक सेवा आयोग लगायत अन्य शैक्षिक तथा प्रतिस्पर्धात्मक परीक्षाहरुको नतिजा पनि समयमै प्रकाशन गर्न सकिन्छ । नेपालमा कतिपय परीक्षाको नतिजा आउन अत्यधिक ढिलाइ हुने गरेको छ, जसले हजारौं युवाको समय र ऊर्जा खेर जाने गरेको छ । अब सम्बन्धित निकायहरुले प्रविधिको प्रयोग, उत्तरपुस्तिका परीक्षण प्रणालीको सुधार र कार्यक्षमतामा वृद्धि गरेर सबै परीक्षा व्यवस्थापनलाई समयबद्ध बनाउन आवश्यक छ ।

यससँगै अर्को महत्वपूर्ण पक्ष उच्च शिक्षासँग जोडिएको छ । एसईईपछि विद्यार्थीले सहज, सुलभ र गुणस्तरीय उच्च शिक्षा पाउनुपर्छ । अहिले पनि धेरै विद्यार्थी आर्थिक अभाव, सिटको कमी, गुणस्तरीय कलेजको अभाव तथा महँगो शुल्कका कारण समस्यामा छन् । ग्रामीण क्षेत्रका विद्यार्थी अझ बढी प्रभावित हुने गरेका छन् । सरकारले सामुदायिक क्याम्पसहरुको स्तरोन्नति, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार र शुल्क नियन्त्रणमा ध्यान दिन आवश्यक छ ।

शिक्षा केवल परीक्षा र नतिजासम्म सीमित विषय होइन, यो राष्ट्र निर्माणको आधार हो । त्यसैले छिटो नतिजा प्रकाशनको सकारात्मक अभ्यासलाई निरन्तरता दिँदै सम्पूर्ण शिक्षा प्रणालीलाई समयानुकूल, व्यवस्थित र विद्यार्थीमैत्री बनाउनु आजको आवश्यकता हो । यदि यही गति, प्रतिबद्धता र सुधारको भावना कायम रह्यो भने नेपाली शिक्षा क्षेत्रमा अझ ठूलो परिवर्तन सम्भव छ ।

## आधा सांसदले पनि बुझाएनन् सम्पत्ति विवरण

**दमक**/ सङ्घीय संसद्का ५८ जना सांसदले आफ्नो सम्पत्ति विवरण बुझाएका छन् । सङ्घीय संसद् सचिवालयको सांसद सुविधा शाखामा उनीहरूले आफ्नो र परिवारको नाममा रहेको सम्पत्तिको विवरण पेस गरेका हुन् ।

भ्रष्टाचार निवारण ऐन २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनुपर्ने कानुनी व्यवस्था छ । सोही व्यवस्था अनुसार संसद् सचिवालयले सूचना जारी गर्दै सांसदहरूलाई सम्पत्ति विवरण बुझाउन आग्रह गरेको थियो ।

सचिवालयका अनुसार प्रतिनिधिसभाका सदस्यहरूले आगामी जेठ १० गतेसम्ममा आफ्नो सम्पत्ति विवरण बुझाउनुपर्ने समयसीमा तोकिएको छ । हाल सङ्घीय संसद् अन्तर्गत २७५ सदस्यीय प्रतिनिधिसभा र ५९ सदस्यीय राष्ट्रिय सभा रहेका छन् । तोकिएको समयभित्र विवरण नबुझाउने सार्वजनिक पदधारी व्यक्तिलाई कानुनी कारबाहीको व्यवस्था समेत रहेको छ ।

# नेपाल-भारत सम्बन्धमा 'आइस ब्रेक'को संकेत



सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

> दुई देशका सरकार प्रमुखहरू एकअर्कालाई भेट्न जाँदा के कस्तो रणनीति बनाएर जाने हो र त्यसले नेपालको समष्टिगत हितमा पार्न सक्ने प्रभावहरु के के हुन सक्छन त्यो कुरामा सरकार अझ सुस्पष्ट र व्यावहारिक हुनु जरुरी छ ।

नेपाल र भारत परापूर्व काल देखि नै बेटी रोटीको सम्बन्ध भएको छिमेकी मित्र राष्ट्रको रूपमा रहँदै आएको छ। नेपाल र भारत बीचको आर्थिक ,सामाजिक ,सांस्कृतिक र राजनैतिक तथा वैदेशिक सम्बन्धको आधार दुवै देशका नागरिकहरु बीच रहेको परस्पर बन्धुत्व भावना र परस्पर सम्मान तथा समान पारिवारिक सम्बन्ध र व्यवहारमा आधारित रहेकोले यस किसिमको अति घनिष्ठ र बलियो सम्बन्ध विश्वमा अन्यत्र कुनै पनि देशमा पाउन सकिँदैन ।

नेपाल र भारतका जनता एक अर्काको रक्त सम्बन्धको नातेदार र स्वजातिय बन्धु बान्धव पनि रहँदै आएकोले जनता जनता बीच रहेको घनिष्ठ पारिवारिक सम्बन्धलाई नै नेपाल भारत बीचको विदेश नीतिको आधार बनाइएको छ। नेपाल र भारत परा पूर्वकालदेखि नै भारतीय उपमहाद्वीपको भूगोल, संस्कृति र जनआकांक्षालाई आत्मसात गरेको हुनाले भारत र नेपाल अभिन्न रूपमा एकअर्काको प्रतिस्पर्धी छिमेकी देशको रूपमा न भई मोस्ट फेवर्ड नेसन र सहयोगी राष्ट्रको रुपमा आफूलाई उभ्याउन सफल भएको छ । नेपालका सनातन हिन्दू धर्मावलम्बीहरू काशी, अयोध्या, मथुरा ,वृन्दावन केदारनाथ, रामेश्वरनाथ लागायतका तीर्थस्थल हरूमा जीवन मुक्ति, मोक्ष र मङ्गल कामनाको लागि दर्शन र पूजाका लागि जाने तथा भारतीय नागरिकहरु नेपालमा जनकपुरधाम, पशुपतिनाथ, मुक्तिनाथ, लुम्बिनी लगायतका तीर्थहरूको दर्शन गर्न आउने र आफूलाई कृतार्थ अनुभूति गर्ने भावनाले नै दुई देश बीचका नागरिकहरु तथा सरकार बीचको सम्बन्धलाई सहजीकरण गर्दछ । नेपालमा प्रमुख रूपमा राजनीतिक वृत्तमा भारतीय राजनीतिका पक्षमा र विपक्षमा अनेकौं तर्कहरू दिइन्छ र बहसहरू पनि चलाइन्छ। भारतको दिल्ली दरबारले भारतको स्वार्थ मात्र हेर्छ, नेपाललाई दबाएर राख्न खोज्छ, भारत संग भएको कतिपय सन्धिमा नेपाल प्रति अन्याय भएको छ । भारत सरकारले गरेका नेपाल सम्बन्धी कतिपय निर्णयहरूमा नेपाली जनता र सरकारको ठूलो असहमति पनि रहने गरेको छ । यस्ता धेरै खाले असहमतिहरू मध्ये सीमा विवादका कुराहरूहरू प्रमुख सवालको रूपमा चर्किंदै गएको देखिन्छ । नेपालले दावा गरेको लीपुलेक कालापानी र लिम्पियाधुरा सडक मार्गको प्रयोग सन् १९५४ देखि मानसरोवर जाने भरिया तीर्थयात्री हरुले निरन्तर रुपमा प्रयोग गर्दै आएको र उक्त क्षेत्रहरू माथि भारतीय सेनाले सन् १९६२ देखि नै कब्जा गरेर राखेको हुनाले नेपालका पूर्ववर्ती सरकारहरूले यस सीमा विवादलाई नेपाल भारतबीचको विवादको प्रमुख मुद्दाको रुपमा उठाउन सफल भएको थियो। सिमाना विवादलाई सुल्झाउन नेपाल र भारतीय पक्ष सम्मिलित बौद्धिक समूहहरूको गठन पनि गरिएको थियो । बौद्धिक समूहहरूले निर्क्योल निकालेका मुद्दा र प्रमाणहरूलाई आधार बनाएर दुवै देशका सरकारले सहमतिमा जाने र सीमा विवाद टुङ्गो लगाउने कुरालाई स्वीकार गरिएको थियो । तर नेपाल भारत बीचको सीमा विवाद कुनै कुनै बेला नेपाल भारत बीचको लागि ठुलो तनाव सृजना गराउने र राजनीतिक प्रचारबाजी गराएर जनताको अभिमत आफ्नो पक्षमा ल्याउने स्टन्ट र प्रचार वाहेक अरु केही पनि हुन सकेन। नेपाल सरकारले द्वीपक्षिय विवादलाई बहुपक्षीय बनाउन खोज्दा भारतको प्रतिक्रियाले नेपाली जनमानसमा विश्वास जगाउन सकेन ।

दुई देश बीचको सम्बन्धमा चिसोपना बढेर गयो । सन् १९६२ को भारत चिन युद्ध ताका भारतीय सेनाले कालापानी र लिम्पियाधुरा भारतको भूमि हो भन्दै सेनाको ब्यारेक राख्न थालेको लामो अन्तराल पछि मात्र नेपाल सरकारले उक्त भूमि माथि नेपालको दावा पेश गरेको हुनाले सिमाना विवादसम्बन्धी ठोस प्रमाणहरू र कागजातहरू अझै पनि बौद्धिक समूहहरूले निर्णयक तहसम्म पुर्‍याउन सकेको छैन । जुन कारणले गर्दा नेपाल र भारतबीच दुईपक्षीय रुपमा रहेको सिमाना सम्बन्धी विवादहरूलाई नेपालमा अहिले नयाँ सरकार बनेको छ । नयाँ सरकारका प्रतिबद्धताहरू र मुद्दाहरूलाई नेपाली जनताले सतर्कतापूर्वक मूल्याङ्कन गरिरहेका छन् । नेपाली संसदमा नेतृत्व गर्ने देशका नवनिर्वाचित प्रधानमन्त्री बालेन्द्र शाहलाई नेपाल र भारतबीच रहेको कूटनीतिक सम्बन्ध र सिमाना विवादसम्बन्धी मुद्दाहरू बारे राम्ररी ब्रिफिङ गरिएको हुनुपर्दछ । सिमाना विवाद चिया पार्टीमा टुंग्याउने र हाहुमा समेटिने तथा समाधान गरिने कुरो होइन। सिमाना विवाद युद्ध भड्काएर पनि सुल्झाउने होइनन्, त्यसकारणले सरकारले बडो गम्भीर भएर दुईपक्षीय वार्ता मार्फत नै सीमा विवादलाई टुङ्गो लगाउनु र जनतालाई आश्वस्त पार्नु जरुरी छ । भारत र चीनबीच मानसरोवर स्नान गर्न जाने भारतीय तीर्थयात्रीहरूको लागि कालापानी र लिम्पियाधुरामा बनेको सडक मार्गलाई प्रयोग गर्ने दिने सम्झौता गरिएको छ । नेपालमा उक्त सडक मार्गको जग्गा नेपालको हो भनेर अन्तर्राष्ट्रियकरण गर्न खोजिएको हो भने त्यसको बेग्लै राजनीतिक लाभ वा हानि हुन सक्छ तर त्यस्ता कुराहरूले विवादका मुद्दाहरूलाई झन् विवादास्पद र अव्यवहारिक बनाउन सक्छ ।

बालेन सरकारका समक्ष नेपालका विगतका सरकारहरूले गरेका अनेकौं निर्णयहरू तथा दुईपक्षीय सम्झौताहरूलाई विवेकशील भएर अध्ययन गर्नुपर्ने आवश्यकता रहेको छ । दुई देशका सरकार प्रमुखहरू एकअर्कालाई भेट्न जाँदा के कस्तो रणनीति बनाएर जाने हो र त्यसले नेपालको समष्टिगत हितमा पार्न सक्ने प्रभावहरू के के हुन सक्छन त्यो कुरामा सरकार अझ सुस्पष्ट र व्यावहारिक हुनु जरुरी छ । अहिले संसार नै युद्धको आगोमा झोसिएको छ। विश्वव्यापी रूपमा प्राकृतिक इन्धनको संकट छ । नेपालसँग ऊर्जाका प्राकृतिक र वैकल्पिक स्रोतहरूको पूरै अभाव छ । ऊर्जा संकटलाई कसरी समाप्त पार्ने हो भन्ने कुरामा संवेदनशीलता देखाउनु जरुरी छ । नेपालको अर्थतन्त्र र बजार तन्त्रलाई भारतीय बजारतन्त्रले प्रभावित पारिरहेको अवस्था छ । नेपाली जनता दिनप्रतिदिन गरिबी र मूल्यवृद्धिको चपेटमा पर्दै दुःखको भारी बिसाउन नपाई नै आर्थिक मन्दी र आर्थिक अभावतिर मोडिने सम्भावना छ । यस्ता समस्याहरूलाई कसरी समाधान गर्ने हो भन्ने तर्फ सरकारले विशेष तयारी गरेर भारततर्फ जानुपर्ने आवश्यकता छ । नेपाल र भारतका सिमावर्ती क्षेत्रका बजारहरू दिनप्रतिदिन नेपाली जनताको लागि असहज, महगो र अत्याधिक करभार बोक्ने गरी सरकारले बनाउने तयारी गरिरहेको छ । यसले निश्चित रूपमा देशलाई आर्थिक सबलीकरण गर्न सघाउँछ कि सघाउँदैन भन्ने कुराको मूल्याङ्कन गर्नु जरुरी छ। सीमावर्ती क्षेत्रका गरिब सीमान्तकृत जनता र पहुँचविहीन नागरिकहरूले मात्र जीवन निर्वाह गर्ने वस्तुहरू खरिद गर्नका लागि भारतीय बजारमा प्रवेश गर्दछन् र सिमित आवश्यकताका वस्तुहरू किनेर घर फर्किन्छन् त्यस्ता वस्तुहरूमा पनि सरकारले कर बलजफ्ती कर तिराउन लगाएर लगाएर ठूलो गल्ती पो गर्दैछन् कि भन्ने कुरामा पनि विचार गर्नु जरुरी छ। ठूलो परिमाणमा खरिद गरिएको व्यापारिक वस्तुहरूमा कर लगाउनु स्वाभाविक हो। तर व्यक्तिगत प्रयोजनको लागि सीमित परिमाणमा निजी उपयोग गर्नको लागि मात्र यदि जनताले भारतीय क्षेत्रबाट कुनै वस्तु आफ्नो झोलामा हालेर सिमानाका लाई पार गर्दछ तथा प्रहरी प्रशासनले त्यसलाई कानुनको दायराभित्र ल्याउन अनेकौं दबाब दिन्छ र थर्काउँछ भने त्यस्ता कार्यले पक्कै पनि भारत र नेपाल बीचको सांस्कृतिक सम्बन्धबाट स्थापित भएको राजनीतिक सम्बन्ध बिग्रिन सक्दछ तथा ग्रामीण र शहर बीचको बजारीकरणको विकासमा पनि बाधा उत्पन्न हुने परिस्थितिहरू निर्माण हुन सक्छ, त्यस्ता कुरामा सरकार गम्भीर हुनु जरुरी छ ।

नेपालका नवनिर्वाचित प्रधानमन्त्री बालेन्द्र शाहलाई भारतीय राजनीतिको उतारचढाव बारे राम्रो अध्ययन र जानकारी हुनुपर्दछ। भारतीय प्रधानमन्त्री नरेन्द्र दामोदर दास मोदी विश्वकै सर्वाधिक लोकप्रिय नेताको रुपमा देखिनुभएको छ भने नेपालमा बालेन्द्र शाह पनि आफ्नो पहिलो प्रधानमन्त्रीत्वकालमा नै नेपाललाई सही दिशामा डोर्याएर विकासको अग्रस्थानमा देशलाई पुर्‍याउने युवा नेतृत्वका संवाहक हुनुहुन्छ। नेपाल लामो समयसम्म अस्थिरताको द्वन्द्व चक्रमा फसिरहेको हुनाले भारतीय पक्षबाट सक्दो सहयोग पाउन नसकेको गुनासाहरू नेपालभित्र उत्पन्न भइरहँदा यसपालिको प्रधानमन्त्रीको हैसियतमा भारतको औपचारिक भ्रमणमा जाने नेपालका प्रधानमन्त्री बालेन्द्र शाहले ठूलो भूमिका खेल्नुहुन्छ र भारत नेपालबीच विद्यमान रहेको डिप्लोमेटिक गतिरोधहरू आइसब्रेक हुन्छ, भन्ने कुराको अपेक्षा देशका आम जनताले गरिरहेका छन्। प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमणबाट दुई देश बीचको सम्बन्ध अझ प्रगाढ हुँदै जाने र सिमाना विवाद पनि समाधान हुँदै जाने छ भन्ने कुरामा जनता ढुक्क भइरहेका छन्।

# सनसेट ल : विकासका आयोजना छिटो बनाउन विशेष कानुन

**दमक/** नेपालमा ठूला विकास आयोजना समयमै सम्पन्न नहुनु सामान्यजस्तै बनिसकेको छ । सडक, जलविद्युत, प्रसारणलाइन, केवलकार, पुल वा अन्य पूर्वाधार आयोजना सुरू भए पनि वन, वातावरण, जग्गा, मुआब्जा, अनुमति र खरिद प्रक्रियाका कारण वर्षौंसम्म अलपत्र पर्ने गरेका छन् । यही समस्यालाई समाधान गर्न सरकारले अहिले "सनसेट ल" नामको विशेष कानुन ल्याउने तयारी गरिरहेको छ । यसको औपचारिक नाम "विकास आयोजना व्यवस्थापन तथा कार्यान्वयन सहजीकरण ऐन" राख्ने तयारी भएको छ ।

यो कानुन मुख्यतः ठूला विकास आयोजनामा देखिने कानुनी झन्झट हटाएर काम छिटो सम्पन्न गर्ने उद्देश्यले ल्याउन लागिएको हो । सरकारले यसलाई १० वर्षका लागि लागू गर्ने योजना बनाएको छ । त्यस अवधिमा केही पुराना कानुनका जटिल व्यवस्था स्थगित वा परिमार्जन गरेर विकास निर्माणलाई सहज बनाइनेछ ।

अहिले नेपालमा कुनै पनि ठूलो आयोजना सुरू गर्न धेरै निकाय धाउनुपर्छ । वन मन्त्रालय, वातावरण मन्त्रालय, स्थानीय तह, मालपोत, उद्योग विभाग, लगानी बोर्ड, विद्युत प्राधिकरण लगायतका कार्यालयबाट अनुमति लिनुपर्ने हुन्छ । एउटै फाइल पास हुन महिनौं र कहिलेकाहीँ वर्षौं लाग्ने अवस्था छ । त्यसले गर्दा आयोजना ढिलो हुन्छ, लागत बढ्छ र लगानीकर्ता निराश हुन्छन् ।

उदाहरणका लागि, कुनै सडक वा जलविद्युत आयोजना वन क्षेत्रभित्र पर्‍यो भने रूख कटान अनुमति लिन धेरै समय लाग्छ । कतिपय अवस्थामा आयोजनाले प्रयोग गरेको वन क्षेत्रको सट्टा अर्को जग्गा किनेर दिनुपर्ने, पाँच गुणा रूख रोप्नुपर्ने र पाँच वर्षसम्म हुर्काउनुपर्ने कानुनी व्यवस्था छ । यी प्रक्रियाले आयोजना झन् ढिलो बनाउँछन् । सरकारले हालै अध्यादेशमार्फत केही व्यवस्था सरल बनाएको थियो । अब सनसेट लमार्फत ती सुविधा निजी क्षेत्रका आयोजनालाई पनि दिने तयारी छ ।

सरकारले विशेषगरी जलविद्युत, प्रसारणलाइन, केवलकार र पर्यटन पूर्वाधारलाई सहज बनाउन खोजेको छ । यस्ता धेरै आयोजना वातावरणलाई धेरै हानि नगर्ने वा "कार्बन न्युट्रल" मानिन्छन् । अर्थात्, तिनले धेरै प्रदूषण गर्दैनन् । बरू स्वच्छ ऊर्जा उत्पादन गरेर वातावरण संरक्षणमा सहयोग गर्छन् । त्यसैले त्यस्ता आयोजनालाई फास्ट ट्र्याकमा अनुमति दिनुपर्ने प्रस्ताव गरिएको छ ।

नेपालमा अर्को ठूलो समस्या वातावरणीय प्रभाव मूल्यांकन अर्थात् ईआईए हो । अहिले एउटा आयोजना सुरू गर्न ईआईए प्रक्रिया पूरा गर्नै २ देखि ४ वर्षसम्म लाग्ने गरेको छ । वन, निकुञ्ज, स्थानीय तह र विभिन्न निकायबाट अनुमति लिनुपर्दा ढिलाइ हुन्छ । प्रस्तावित सनसेट ल अनुसार सम्बन्धित निकायले ३ महिनाभित्र निर्णय नगरे प्रधानमन्त्री नेतृत्वको विशेष समितिले छिट्टै निर्णय गर्ने व्यवस्था गर्न खोजिएको छ ।

निर्माण सामग्री जस्तै ढुंगा, गिट्टी र बालुवा निकाल्न पनि अहिले धेरै झन्झट छ । आयोजनाले ईआईए गरे पनि स्थानीय तहबाट फेरि छुट्टै अनुमति लिनुपर्ने अवस्था छ । नयाँ कानुनले भने ईआईएका आधारमै सामग्री प्रयोग गर्न पाउने र स्थानीय तहलाई रोयल्टी तिरे पुग्ने व्यवस्था गर्न खोजेको छ । यसैगरी सडक विस्तारमा पर्ने बिजुलीका पोल सार्न पनि अहिले सार्वजनिक खरिद प्रक्रिया अपनाउनुपर्छ । कहिलेकाहीँ करोडौंको आयोजना केही पोल नसार्दा वर्षौं रोकिन्छ । सनसेट लले यस्तो काम कोटेसनमार्फत छिटो गर्न दिने प्रस्ताव गरेको छ ।

"सनसेट ल" भनेको निश्चित समयका लागि मात्रै लागू हुने कानुन हो । यसमा सुरूमा नै यसको अवधि तोकिन्छ ।

जस्तै ५ वर्ष, १० वर्ष वा अन्य समय । समय सकिएपछि यो कानुन आफैं समाप्त हुन्छ । फेरि आवश्यक ठाने संसदले पुनः पारित गर्नुपर्छ । त्यसैले यसलाई अस्थायी विशेष कानुन पनि भन्न सकिन्छ ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।



Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



# संघर्षबाट सफल इलेक्ट्रिसियन बनेकी कमला



**दमक/** सैनामैना नगरपालिका-१० झिमझिमेकी ४५ वर्षीया कमला पोखरेल बेल्बासे आज धेरै महिलाका लागि प्रेरणाको स्रोत बनेकी छन् । विद्युत, पलम्बिङ र ड्राइभिङजस्ता जोखिमपूर्ण काम गरेर रूपन्देहीकी कमलाले साहसिक क्षेत्रमा सफल बन्न महिला पनि सक्छन भन्ने उदाहरण प्रस्तुत गरेकी छन् ।

कमलाको जीवनमा ठूलो संघर्षपछि सफलता आएको हो । उनका श्रीमान् यामलाल बेल्बासे विद्युत र पलम्बिङको काम गर्थे । तर, कामकै क्रममा भऱ्याङबाट लडेर गम्भीर घाइते भएपछि परिवार ठूलो समस्यामा पर्यो । उपचारमा धेरै पैसा खर्च भयो, आम्दानीको स्रोत बन्द भयो र घरभाडा तिर्न नसक्दा परिवार खुला आकाशमुनि बस्नुपर्ने अवस्था आयो ।

यही कठिन परिस्थितिले कमलालाई नयाँ बाटो रोज्न बाध्य बनायो । उनले श्रीमानले गर्दै आएको काम आफैं गर्ने अठोट गरिन् । सुरूमा श्रीमानकै सहयोगमा काम सिकिन् । औपचारिक शिक्षा वा तालिम नलिए पनि मेहनत र आत्मविश्वासका कारण उनले छोटो समयमै घर वायरिङ, पलम्बिङ र अन्य प्राविधिक काम सिकिन् ।

पछि उनले ड्राइभिङ पनि सिकिन् र आ᾿नै पिकअप गाडी किनेर काममा जान थालिन् । अहिले उनी घर वायरिङ, इन्टेरियर, ड्रिल गर्ने, तार जोड्ने लगायतका काम गर्छिन् । उनले आ᾿नो कामका भिडियो टिकटकमा राख्न थालेपछि धेरै मानिसले चासो दिन थालेका छन् । सामाजिक सञ्जालमार्फत कामको अर्डर समेत आउन थालेको छ । कमला अहिले एक सिजनमा ६० देखि ६५ वटासम्म घरको काम ठेक्कामा लिने गर्छिन् । उनले आ᾿ना छोराहरूलाई राम्रो शिक्षा दिन सफल भएकी छन् । एक छोरा यूएईमा छन् भने अर्को यूकेमा अध्ययन गरिरहेका छन् ।

कमलाको भनाइमा महिलाले आँट र मेहनत गरे कुनै पनि काम असम्भव हुँदैन । जोखिमपूर्ण भए पनि सावधानी अपनाएर यो क्षेत्रमा राम्रो आम्दानी गर्न सकिने उनी बताउँछिन् । संघर्षले नै मानिसलाई सफल बनाउँछ भन्ने विश्वास उनको जीवनले प्रमाणित गरेको छ ।

# बाँदर धपाउन सार्वजनिक विदा



**तेह्रथुम/** तेह्रथुमको लालीगुराँस नगरपालिकाले बाँदर धपाउनका लागि जेठ १ गते सार्वजनिक बिदा दिने निर्णय गरेको छ । बाँदरलाई सीमा कटाउन धेरै व्यक्ति खटिनुपर्ने भएकाले सार्वजनिक बिदा आवश्यक भएको नगरपालिकाले जनाएको छ ।

नगरप्रमुख अर्जुन माबोहाङले जारी गरेको सूचनामा बाँदर खेद्नका लागि ठूलो संख्यामा जनपरिचालन आवश्यक भएको हुँदा जेष्ठ १ गते शुक्रबारको दिन अत्यावश्यक बाहेकका सेवाहरू बन्द हुने उल्लेख छ । नगरप्रमुख माबोहाङका अनुसार बाँदरको समस्या सतहमा सामान्य देखिए तापनि यसबाट कृषक वर्गमा व्यापक असर परेको छ । बाँदरबाट कृषिउपज जोगाउनका लागि रातदिन खेतबारी रूँघ्नुपर्ने विवशताले कतिपय बालबालिका विद्यालय जानसमेत पाएका छैनन् ।

यही बढ्दो समस्यालाई ध्यानमा राख्दै लालीगुराँस नगरपालिकाले चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेटमार्फत 'कृषिमा बाँदरबाट परेको क्षति न्यूनीकरण' कार्यक्रम समेत अघि बढाएको छ । नगरपालिकाले वडा नम्बर ८ को मेघा पुच्छार, वडा नम्बर ६ र ८ को संगमस्थल नागेश्वरी तथा वडा नम्बर ५ को सिंथापा पुच्छार क्षेत्रमा अस्थायी संरचनासहित बाँदर हेरालु समेत खटाएको छ । विशेष गरी जंगल नजिकका बस्तीहरूमा बाँदरको समस्या विकराल छ । नगरप्रमुख माबोहाङका अनुसार राष्ट्रिय स्तरमै दीर्घकालीन समाधान आवश्यक भए पनि तत्कालका लागि स्थानीय तहले आ᾿नै स्रोतसाधन प्रयोग गरेर कृषकलाई राहत दिने प्रयास थालेको छ । बाँदर नियन्त्रण र खेती जोगाउन जेठ १ र २ गते 'बाँदर लखेटी नगरपालिका सिमाना कटाउने' विशेष अभियान सञ्चालन गरिने लालीगुराँस नगरपालिका ७ का वडाध्यक्ष तथा प्रवक्ता देवेन्द्र खड्काले बताए । बाँदर लखेट्ने अभियानमा किसान, जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय नागरिकलाई सक्रिय सहभागिताका लागि आह्वान गरिएको छ ।

## शिक्षा

# ६६ वर्षमा एसईई उत्तिर्ण

**धनकुटा/** धनकुटा-६ मा बसोबास गर्दै आउएका ६६ वर्षीय करवीर राईले माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण गरेका छन् । इच्छाशक्ति भए पढाइमा उमेर बाधक नबन्ने सन्देश दिँदै उनले निरन्तर मेहनत र लगनशीलताका कारण सफलता हासिल गरेका हुन् ।

राईको सफलतापछि सामाजिक सञ्जालमा उनलाई बधाई तथा शुभकामनाको ओइरो लागेको छ । धेरैले उनको प्रयासलाई प्रेरणादायी उदाहरणका रूपमा लिएका छन् । शिक्षा प्राप्त गर्ने उमेरको कुनै सीमा नहुने सन्देश दिन सफल राई अहिले धेरैका लागि उदाहरण बनेका छन् । पारिवारिक तथा सामाजिक जिम्मेवारीबिच पनि उनले अध्ययनलाई निरन्तरता दिएको आफन्तले बताएका छन् । स्थानीयवासीले उनको उपलब्धिलाई धनकुटाकै गौरवको विषय भएको बताएका छन् ।

राईले लामो समयदेखिको अधुरो शैक्षिक सपना पूरा भएको अनुभूति भएको बताएका छन् । उनको सफलताले विशेषगरी विद्यालय छाडेका तथा उमेरका कारण पढाइप्रति निराश भएका व्यक्तिलाई पुनः शिक्षातर्फ प्रेरित गर्ने विश्वास गरिएको छ ।

# विद्यालय भवन हस्तान्तरण

**भोजपुर/** भोजपुरको षडानन्द नगरपालिका-२ स्थित श्री जनोदय आधारभूत विद्यालयलाई युडब्लुएस नेपाल को साझेदारी र दातृ निकाय ट्रोपिक कम्पनीको सहयोगमा निर्मित ११ कोठे बालमैत्री विद्यालय भवन, ५ कोठे अपाङ्गमैत्री शौचालय तथा खानेपानी धारासहितका भौतिक संरचना हस्तान्तरण गरिएको छ । दुर्गम क्षेत्रका बालबालिकाको शिक्षामा पहुँच विस्तार गर्ने, पठनपाठनमा सहजता ल्याउने र शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यले युडब्लुएस नेपालले सामुदायिक विद्यालयमा भवन निर्माणलगायत शैक्षिक गतिविधि सञ्चालन गर्दै आएको छ । सोहीअनुसार जनोदय आधारभूत विद्यालयलाई भवन निर्माण गरी हस्तान्तरण गरिएको हो ।

भवन उद्घाटन गर्दै दातृ निकाय ट्रोपिकका उपप्रमुख कार्लटन कोनेलले संस्थाको उद्देश्य दुर्गम क्षेत्रमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु रहेको बताए । उनले विद्यालयको शैक्षिक सुधारका लागि आगामी पाँच वर्षसम्म निरन्तर सहयोग र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे । विद्यालयको व्यवस्थापन तथा सञ्चालनका लागि पालिकाले आवश्यक सहयोग गर्ने षडानन्द नगरपालिकाका प्रमुख सुरेन्द्र उदासले जनाए ।

त्यस्तै, संस्थाले पालिकाभित्र शैक्षिक विकाससँगै जलवायु परिवर्तन तथा वातावरण संरक्षणका क्षेत्रमा समेत काम गर्दै आएको भन्दै उपप्रमुख प्रमीला राईले यस्ता कार्यक्रमलाई निरन्तरता दिन आग्रह गरिन् ।

युडब्लुएस नेपालका निर्देशक अभिनाश झाले भोजपुरसहित सत्तुवासभा, ताप्लेजुङ, तनहुँ र गुल्मी गरी पाँच जिल्लामा ८७ वटा विद्यालय भवन निर्माण गरी स्थानीय तहलाई हस्तान्तरण गरिएको जानकारी दिए । उनका अनुसार भोजपुरमा मात्रै सोही प्रकृतिका ८ वटा भवन निर्माण र २० वटा विद्यालयमा शैक्षिक गुणस्तर सुधारका कार्यक्रम सञ्चालन भइरहेका छन् ।

# घरेलु हिंसा पीडितलाई इन्सेकको सहयोग

**विराटनगर/** मोरङको सुन्दरहरैंचा नगरपालिका-८ एकता टोलकी घरेलु हिंसा पीडित ४७ वर्षीया अम्बिका कार्कीलाई मानव अधिकारवादी संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले कानुनी प्रक्रियाका लागि आर्थिक सहयोग प्रदान गरेको छ । इन्सेक कोशी प्रदेश कार्यालय विराटनगरले कानुनी प्रक्रियाका लागि ७ हजार ५ सय रूपैयाँ आर्थिक सहयोग गनुका साथै जिल्ला अदालत मोरङमा फिरादपत्र दर्ता गराएको छ । नाबालक ११ वर्षीय छोराको संरक्षक भई आफ्नो हकमा समेत घरेलु हिंसा पीडित अम्बिका कार्कीले पति पूर्णबहादुर न्यौपानेविरुद्ध जिल्ला अदालतमा दिइएको उजुरी वैशाख २५ गते दर्ता गराइएको इन्सेक कोशी प्रदेश संयोजक मनोहरकुमार पोखरेलले बताए ।

इन्सेक कोशी प्रदेश कार्यालयमा वडा कार्यालयको सिफारिससहित पीडितले निवेदन दिएपछि इन्सेकले निःशुल्क कानुनी सहायता उपलब्ध गराएको हो । घरेलु हिंसा पीडित कार्की र न्यौपानेबीच २०५८ फागुन १५ गते सामाजिक परम्परा अनुसार विवाह भएको थियो ।

पति वैदेशिक रोजगारीमा गएपछि आफूसहित छोराहरूको शिक्षा, स्वास्थ्य, औषधोपचारमा वेवास्ता गरेकाले अंश चलन मुद्दा अदालतमा इन्सेकको सहयोगमार्फत दर्ता गराएको कार्कीले बताइन् । घरपरिवार र समाजका भद्र भलादमीबिच २०८३ वैशाख १० गते भएको छलफलमा पति पूर्णबहादुरले छोराहरूको पालन पोषण र पत्नीको पालन पोषण नगर्ने, अंश नदिने भनेपछि आफू इन्सेकसम्म आइपुगेको पीडितको भनाइ छ ।

# जीवन के हो ?



डा. लेखनाथ नेउपाने

क्रमागतः हरेक मानिसले सानामा लडेर मात्र हिँड्न सिकेको हुन्छ । हामी हरेकले हकारेर या पिटाई खाएर मात्र पढ्न सिकेका हुन्छौं । तर आज मैले सिक्ने बेलामा दुःख पाएछु, पिटाई खाएछु, गाली खाएछु भन्ने कुराको बारम्बार सम्झना गरेर दुखी हुनु भनेको कित मानसिक रोगी हुनु हो कि त गलत बुझाई हो । जीवन सधै दुःखमा रहनु हो । त्यसैले विगतबाट सिक्ने हो, गल्ती सुधार्ने हो तर त्यसैलाई लिएर पछुताउने र दुःखी हुने होइन् ।

हुन त म र मेरो भन्ने शब्दले मानिसलाई घमण्डी र आफै ठूलो भन्ने परिचय दिन सक्छ । तर, म भनेको एउटा अमुल्य रचना हो । म छु रत संसार छ । म नै रहिन भने के रह्यो र मेरो ? प्रकृतिको सबैभन्दा प्यारो उपहार हो म । म जस्तो अरू कोही पनि छैन् र म भित्रको अथाह शक्ति मलाई मात्र थाहा छ । यो शक्तिको उपयोग गर्दा मेरो परिचय बेग्लै बन्छ । जीवन सफल हुन्छ । म को हुँ ? जगत के हो ? म र जगतको सम्बन्ध कस्तो रहनु पर्दछ ? मेरो कर्तव्य के हो ? के हित हो र के अहित हो ? यस्ता तर्क र भावना नै विचार हुन् । विचारले नै विवेकलाई जन्माउँछ । विचार नै प्रेरणास्रोत हो । विचारले नै जीवनमा नयाँ परिवर्तन आउँछ ।

हरेक सुख दुःख विचारमै निर्भर हुन्छन् । विचारको आचरण नै विवेक हो । सत्य र असत्य, सेवा र परोपकारलाई छुट्याउन सक्नु नै विवेक हो । र विवेक त्यो ज्वलन्त प्रकाश हो जसमा मानवले आफ्नो अवस्थालाई स्पस्ट देख्न सक्छ । विवेकीलाई मानसिक कष्ट कमै हुन्छ र बैराग्यको बाटोसम्म पनि विवेकले लैजान सक्छ । तर बैराग्यको बाटो नगण्यले मात्र समात्छन् ।


विवेकले आफुसँग भएको शक्तिको उपयोग गराएर अरूलाई पनि उही शक्तिको खोजीमा लाग्न प्रेरणा दिलाउछ । हरेक मानिसले आफुमा जस्तै अरूलाई पनि विवेकको अथाह शक्ति र सार्मथ्यलाई जीवनमा उतार्ने उपाय बताउनु पर्दछ या अरूबाट विवेक लिनसक्नु पर्दछ । यही शक्तिले सफल जीवन जीउन सिकाउँछ । अनि संसार सुन्दर र जीवन्त रहन्छ ।

हरेक मानिस यो संसारमा फूल झै सुन्दर हुन्छ । जीवनलाई सुन्दर फूल बनाइ राख्न आफुमा भएको अथाह शक्तिको उपभोग गर्न सक्नु पर्दछ र यो शक्ति चिन्न असल र खराव बुझ्न सक्नु पर्दछ । आज हामीले आफुलाई राम्रोसँग बुझ्न नसकेर खुसी हुँन सकिरहेका छैनौं र यसको खोजीमा बाहिर भौतारिरहेका छौं । आफुलाई चिन्न र बुझ्न नसकेर दुःखको बाटोमा हिँडीरहेका छौं । आफुभित्र रहेको अथाह शक्तिलाई चिन्न सके सधै सुखी र खुसी रहन सक्छौं । यसको सरल उपाय हो एक्लिनु, सकारात्मक कुरा मनमा ल्याउँनु, आफैमा के म सही बाटोमा छु भनेर प्रश्न गर्नु, योग, ध्यान र उपासना गर्नु, म सक्छु भन्ने सम्झनु अनि परोपकारमा लाग्नु, आजको डिजिटल प्रयोगको लतबाट जोगिनु ।

मानिसले जन्म लिएपछि जीवन रहुन्जेल अनेक तितामिठा अनुभव बटुल्छ । हरेकले दुःख, कस्ट, आनन्द, सेवा, आगमन, विछोडको सामना गर्नुपर्छ । यसले जीवनको अर्थ वुझाउँछ । कसैले धेरै त कसैले थोरै, कसैले राम्रो त कसैले नराम्रो बेहोर्लान तर समय र सन्दर्भ हरेकको फरक हुन्छ । फरक सोच र फरक फरक काम गरिएका हुन्छन् । गाउँसमाज र परिवेश साथीभाई, वातावरण, प्रेम, घृणा, अभिभावकत्व, प्रेरणा, लगाव, विवाह, विछोड, धोखा, सान्तवना यी सबै जीवनका प्रेरक स्रोत हुन् । कोही गल्ती नगरी सिक्छ त कोही गल्ती गरेर सिक्छ । कोही डरले पछि हट्छन् त कोही डरका वाबजुत पनि अगाडी वढ्दछ । जसले धैर्य, लगाव, असफलतालाई आत्मसाथ गर्छ उसले ढिलोचाडो सफलता हात पार्छ । क्रमशः

## मनोरञ्जन

# 'मित ज्यू' मा आउँदैछिन तेरीया



नायकद्वय दयाहाङ राई र सौगात मल्ल शीर्ष भूमिकामा रहेको फिल्म 'मितज्यू'को ट्रेलर सार्वजनिक भएको छ । निर्माण पक्षले सोमबार एक राजधानीमा एक कार्यक्रमको आयोजना गरी ट्रेलर सार्वजनिक गरेको हो । फिल्मको ट्रेलरमा डेब्यू नायिका तेरिया मगर दयाहाङको श्रीमतिको भूमिकामा देखिएकी छिन् । त्यस्तै, सौगात र दयाहाङ मितेरी सम्बन्धमा रहेका छन् । यी दुवै नायक फिल्ममा गाडी चालकको भूमिकामा देखिएका छन् । उनीहरूमा कस्ले यात्रु आ᾿नो गाडीमा राख्ने भन्ने विषयमा द्वन्द्व देखिन्छ । जेठ ८ बाट प्रदर्शनमा आउने यस फिल्मको लेखक महेश राई हुन् । अनिल बूढा मगरको निर्देशनमा बनेको यस फिल्मको निर्माता जनक घर्ती मगर हुन् ।

# ४ सय मिलियन डलर मूल्यको घर

अमेरिकी घरजग्गा बजारमा हालसम्मकै सबैभन्दा महँगो मूल्यको घर सार्वजनिक भएको छ। लस एन्जलसको विलासी बेल-एयर क्षेत्रमा अवस्थित यो विशाल निवासलाई ४०० मिलियन डलर मूल्य तोकेर बिक्रीका लागि राखिएको छ । 'लस एन्जलसको क्राउन ज्वेल' उपनाम दिइएको यो सम्पत्तिले सार्वजनिक रूपमा सूचीबद्ध भएका घरहरूको मूल्यमा नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेको फोर्ब्सले जनाएको छ । यदि यो घर माग गरिएको मूल्यमा बिक्री भएमा यसले अमेरिकी इतिहासकै सबैभन्दा महँगो आवासको रेकर्ड तोड्ने रिपोर्टमा उल्लेख छ ।

यो भव्य सम्पत्तिको सम्बन्ध कतारको प्रभावशाली शाही परिवार 'अल-थानी'सँग जोडिएको छ। शाही परिवारसँग आबद्ध एक संस्थाले सन् २०१० मा यो जग्गा मात्र ३५ मिलियन डलरमा खरिद गरेको थियो। त्यसपछिका वर्षहरूमा नजिकैका अन्य जग्गाहरु पनि अधिग्रहण गर्दै यसलाई एक विशाल आकार दिइएको हो ।

## दैनिक राशिफल

आज मिति २०८३ साल वैशाख ३१ गते बिहीबार 14 May 2026 तिथिः द्वादशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | विपरीतलीङ्गीबाट सहयोग । विशेष धन लाभ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मावलीबाट सहयोग । अरुदिनको भन्दा आज आयमा वृद्धि । |
| मिथुन | का कि कु घ ङ छ के को हा | सन्तानबाट सहयोग, पढाईमा रुचि । लगानी उठ्ने वा व्यापारबाट धन लाभ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | पारिवारिक सदभाव बढ्ने । आज धन लाभका दिन । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | भाईबहिनीबाट सहयोग । पराक्रम बढ्ने, आम्दानी बढ्ने । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | धन जम्मा गर्ने दिन । उत्तम भोजन । |
| तुला | रा री रु रे रो ता ती तु ते | पश्चिम दिशाको कारोबारमा लाभ । मनमा शान्ति, धर्ममा रुचि । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | शुभकार्यमा रुचि । सामान्य मनमा अशान्ति । |
| धनु | य यो भा भी भ धा फा ढ भे | वैदेशिक कार्यबाट लाभ । कारोबारबाट धन लाभ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | माता, पिताबाट सहयोग । कार्यमा सफलता । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | सामान्य लाभ । पूण्यकर्म गर्न मन लाग्ने । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मनमा अशान्ति । व्यवसायबाट सामान्य लाभ । |

खेलकुद

# दमक खेलकुद महोत्सव दोस्रो संस्करण समापन



**दमक/** झापाको दमकमा दोस्रो संस्करणको "दमक खेलकुद महोत्सव-२०८३" बुधबार समापन गरिएको छ । दमक-१० अम्बारी खेल मैदानमा भएको फुटबलको फाइनल प्रतिष्पर्धासँगै सो महोत्सव समापन भएको हो ।

दमक नगरप्रमुखको आतिथ्यता तथा दमक नगर खेलकुद विकास समितिका अध्यक्ष भीमराज चम्लागाईको अध्यक्षतामा कार्यक्रम समापन भएको हो ।

समापन कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौला, दमक नगरपालिका विभिन्न शाखाका प्रमुखहरू, प्रहरी प्रशासन, विभिन्न सामाजिक व्यक्तित्वहरू, वडाअध्यक्षहरू, जनप्रतिनिधि, विभिन्न खेल संस्थाका पदाधिकारी, खेलाडी तथा खेलप्रेमीहरूको उपस्थितिमा सो कार्यक्रम समापन गरिएको छ ।

समापनको औपचारिक कार्यक्रम हुनु अगाडी नगरपालिका कर्मचारी र जनप्रतिनिधिबीच मैत्रिपूर्ण फुटबल म्याच समेत गराईएको थियो ।जसमा जनप्रतिनिधिहरू विजयी भएका थिए । सो पश्चात औपचारिक कार्यक्रम सुरू गरेर फुटबलको फाइनल खेलको प्रतिष्पर्धा गराइएको थियो । सो फुटबल म्याचमा वडा नं. ३ र वडा नं. ५ बीचको प्रतिष्पर्धा थियो । रोमाञ्चक सो प्रतिष्पर्धामा खेल समयसम्म कसैको गोल लाग्न नसकेपछि ट्राइबेकरमा वडा नं. ३ विजयी बन्यो भने वडा नं. ५ उपविजेता बनेको छ । दुवै टिमलाई प्रमुख अतिथि लगायतले नगदसहित ट्रफि प्रदान गरेका थिए । प्रथम हुनेलाई एक लाख रूपैयाँ नगद दिइएको थियो भने उपविजेतालाई ५० हजार नगद प्रदान गरिएको थियो ।

सबै वडाका विभिन्न स्थानमा जारी ९ विधाका खेलकुदमा अझै केही खेलहरू सम्पन्न भइसकेका छैनन ।

---

***चितवन*****.....** समिति, स्वास्थ्य तथा प्राथमिक उपचार समिति, सांस्कृतिक कार्यक्रम समिति तथा अतिथि सत्कार समिति गठन गरिएको नेता प्रकाशचन्द्र परियारले जानकारी दिए ।

रास्वपाले ७७ वटै जिल्लाबाट कम्तीमा २५ सय प्रतिनिधि सहभागी गराउने तयारी गरेको छ । त्यसअघि प्रदेश अधिवेशनको कार्यतालिका पनि सार्वजनिक गरिएको छ । जसअनुसार जेठ २६ गते बागमती, २७ गते कोशी, २८ गते मधेश, २९ गते गण्डकी, ३० गते लुम्बिनी, ३१ गते कर्णाली र असार १ गते सुदूरपश्चिम प्रदेश अधिवेशन हुनेछ ।

त्यस्तै, पालिका अधिवेशन पनि आयोजना गर्ने तयारी गरिएको छ । यदि कुनै पालिकामा अधिवेशन हुन नसके हालका पालिका संयोजक नै महाधिवेशन प्रतिनिधि बन्ने व्यवस्था गरिएको छ । चितवनलाई महाधिवेशन स्थल रोजिनु पनि अर्थपूर्ण मानिएको छ । सभापति रवि लामिछानेको राजनीतिक आधार क्षेत्र मानिने चितवन रास्वपाको उदयसँग प्रत्यक्ष रूपमा जोडिएको भूगोल हो । यही भूमिबाट रास्वपाले वैकल्पिक राजनीतिक शक्तिको रूपमा आफूलाई स्थापित गरेको थियो । विश्लेषकहरूका अनुसार अबको महाधिवेशनले रास्वपाको भविष्यको राजनीतिक दिशा, नेतृत्व संरचना र वैचारिक आधार तय गर्नेछ । जनलहरको भरमा अघि बढेको दल अब संस्थागत स्थायित्वतर्फ कसरी अघि बढ्छ भन्ने परीक्षा पनि यही महाधिवेशनबाट सुरू हुने देखिएको छ ।

***प्रधानमन्त्रीका***

*...अभिव्यक्ति रेकर्डबाट हटाउन संसद् सचिवालयलाई निर्देशन दिएका छन् । साथै बैठकमा कांग्रेस सांसद अर्जुननरसिंह केसी र राप्रपा सांसद ज्ञानेन्द्रबहादुर शाहीले आ-आफ्ना धारणा राख्दै बहसमा सहभागी भएका थिए । तर समग्र विवादका कारण सदनको कामकाज प्रभावित भएको छ ।*

***एसईईमा*****.....**४ जीपीए ल्याउने विद्यार्थीमध्ये सिद्धार्थ बोर्डिङ दमकका सुसन बगाले, धुलावारी माविका सुमन राजवंशी, जनता मावि गौरादहकी भूमिका दंगाल, ग्लोबल एजुकेसन एकेडेमी दमकका प्रतीक अर्याल, रोशन विमली र स्वेच्छा अधिकारी, वाल्मीकि एजुकेसन फाउन्डेसनका विनिशा अग्रवाल, चिरायु न्यौपाने, नेहा बुढाथोकीलगायत विद्यार्थी रहेका छन् । त्यस्तै मोहनमाया माविका कोमल दास र कृष्ण न्यौपाने, जनता माविका जेनिश भट्टराई, अनिश भण्डारी र श्रुति नेपाल, हिमालय माविका रोमन बोहोरा र सौगातराज कार्कीले पनि ४ जीपीए ल्याउन सफल भएका छन् । यस वर्षको एसइई नतिजामा झापाका सामुदायिक विद्यालयले समेत उल्लेखनीय सुधार देखाएका छन् । उत्कृष्ट नतिजाले विद्यार्थी, अभिभावक तथा विद्यालय परिवारमा उत्साह थपिएको छ ।

***दमक*****.....**अस्पतालका लागि आवश्यक संरचना, सेवा, सुविधा के के चाहिन्छ र अहिलेसम्म दमक अस्पताल कुन तहमा पुग्यो भनेर बैठक बसेर छलफल समेत गरेको छ । सोही प्रयोजनका लागि माथिल्लो तलामा ५ करोडको लागतमा तला थप्ने काम अब चाँडै सुरू हुने पनि थापाले जानकारी गराए । ६ महिनाभित्रमा सक्ने गरी ठेक्का लागि सम्झौता भईसकेको पनि थापाले बताए ।

***प्रदेश*****...**पदमा निर्वाचन गर्न आयोगले सरकारलाई यसअघि नै सिफारिस गरिसकेको उनले बताए ।

निर्वाचनलाई आधुनिक र प्रविधिमैत्री बनाउन 'निर्वाचन व्यवस्थापन ऐन' को मस्यौदा गृह मन्त्रालयमार्फत संसद्मा पठाउने तयारी भइरहेको आयोगले जनाएको छ । करिब तीन वर्षअघि तयार पारिएको उक्त मस्यौदामा गृह मन्त्रालयको सुझावपछि पुनः दलहरूसँग छलफल गरिएको जनाईएको छ ।

**चार अर्व जोगिने**

निर्वाचन आयोगका अनुसार प्रदेश र स्थानीय तहको निर्वाचन एकै पटक गर्दा राज्यको ४ अर्व व्यभार पनि बच्ने छ ।कार्यवाहक प्रमुख आयुक्त भण्डारीका अनुसार अब ८४ सालमा स्थानीय तह र प्रदेश सभाको निर्वाचन गर्नुपर्ने हुन्छ । विगतको परम्परा प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन एउटै मितिमा गर्ने भए पनि यसपटक स्थानीय तह र प्रदेश सभाको पदावधि फरक-फरक मितिमा सकिने अवस्था बनेको छ । त्यसैले दुवै निर्वाचन एकैपटक गर्न सकियो भने राज्यलाई करिब ४ अर्ब रुपियाँ बचत हुन्छ । छुट्टाछुट्टै गर्दा त्योभन्दा बढी खर्च हुने भण्डारीको भनाई छ । यसका लागि आगामी बजेट अधिवेशनमै निर्वाचन व्यवस्थापन विधेयक ऐनका रूपमा पारित हुनुपर्छ । ऐन बनेपछि मात्र आधुनिक प्रविधिमैत्री निर्वाचन सम्भव हुने र ऐनबिना प्रविधि प्रयोग गरेर निर्वाचन गर्न नसकिने पनि आयोगले जनाएको छ ।

***कायम*****.....**यस्तै युवालाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसहित स्वास्थ्य तथा जनसंख्या र सामाजिक सुरक्षा मन्त्रालयलाई एकीकृत गरेर लैंगिक समानता तथा सामाजिक विकास मन्त्रालय नाम दिइने भएको छ । खानेपानी तथा सरसफाइ मन्त्रालयबाट सरसफाइलाई छुट्टाएर स्वास्थ्य मन्त्रालयमा गाभिनेछ । त्यस्तै, खानेपानी र सहरी विकासलाई भौतिक पूर्वाधार मन्त्रालयलाई गाभेर एकीकृत भौतिक पूर्वाधार मन्त्रालय बनाउने तयारी छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

अन्तर्राष्ट्रिय

## युद्धमा सकियो २९ अर्व डलर

**एजेन्सी/** अमेरिकी रक्षा मन्त्रालयले इरानसँग जारी युद्धमा अहिलेसम्म करिब २९ अर्ब डलर खर्च भइसकेको जनाएको छ । अमेरिकी संसद् भवनमा भएको बजेट सुनुवाइका क्रममा सार्वजनिक गरिएको यो तथ्यांक यसअघि गरिएको अनुमानभन्दा करिब चार अर्ब डलर बढी हो । अमेरिकी रक्षा मन्त्री पीट हेगसेथले अप्रिल २९ मा युद्ध खर्च २५ अर्ब डलर पुग्ने अनुमान गरेका थिए । तर, रक्षा मन्त्रालयका वित्त प्रमुख जुल्स हर्स्ट तृतीयले संयुक्त सैन्य तथा नियन्त्रक टोलीले पुनः मूल्यांकन गर्दा खर्च बढेर २९ अर्ब डलर नजिक पुगेको बताएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पमाथि युद्ध र सैन्य तयारीबारे बढ्दो राजनीतिक दबाबका बीच यो विवरण सार्वजनिक गरिएको हो ।

ट्रम्प प्रशासनले तेहरानको पछिल्लो शान्ति प्रस्ताव अस्वीकार गरेपछि युद्धविरामलाई 'मानवीय जीवन जोगाउने उपाय' का रूपमा व्याख्या गरेको छ । युद्धको दीर्घकालीन रणनीति र खर्चबारे स्पष्ट जानकारी नदिएको भन्दै विपक्षी सांसदहरूले रक्षा मन्त्रालयको आलोचना गरेका छन् । प्रतिनिधिसभाको विनियोजन समितिकी सदस्य रोजा डेलाउरोले 'युद्धबाट अमेरिका के हासिल गर्न खोजिरहेको छ ?' भन्ने प्रश्न उठाएकी छन् । पश्चिम एसियामा महिनौँदेखि जारी क्षेप्यास्त्र तथा हवाई प्रतिरक्षा अभियानका कारण अमेरिकी हतियार भण्डार घटिरहेको चिन्ता पनि बढेको छ ।

## ट्रम्प-सी वार्ताअघि अमेरिका-चीन सम्बन्धमा नयाँ संकेत

**एजेन्सी/** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प चीन भ्रमणमा निस्कँदै गर्दा अमेरिका र चीनबीच व्यापार, प्रविधि र भू-राजनीतिक तनाव व्यवस्थापनका लागि नयाँ कूटनीतिक संकेत देखिएको छ । चीनका राष्ट्रपति सी जिनपिङसँग हुने बहुप्रतिक्षित शिखर वार्ताअघि ट्रम्पले चीनलाई अमेरिकी व्यवसाय र प्रविधिका लागि अझ खुला बनाउन आग्रह गरेका छन् ।

वासिङ्टनबाट प्रस्थानपछि ट्रम्पले सामाजिक सञ्जालमार्फत अमेरिकी कम्पनीलाई चीनमा अझ सहज पहुँच दिनुपर्ने बताएका छन् । उनले सी जिनपिङलाई असाधारण दृष्टि भएका नेता भन्दै चीनलाई अमेरिकी प्रविधि र प्रतिभाका लागि खुला बनाउन अपिल गरेका छन् । उनका अनुसार यस्तो नीतिले चीनको विकासलाई थप गति दिन सक्नेछ ।

यो भ्रमणलाई केवल औपचारिक कूटनीतिक भेटका रूपमा मात्र नभई दुई ठूला अर्थतन्त्रबीचको सम्बन्ध पुनःसन्तुलन गर्ने अवसरका रूपमा हेरिएको छ । व्यापार र प्रविधि क्षेत्रका ठूला व्यवसायी पनि ट्रम्पसँगै बेइजिङ पुगेका छन् । एलन मस्क, जेन्सेन हुआङ र टिम कुकसहितका प्रमुख व्यवसायिक व्यक्तिहरूको सहभागिताले यो भ्रमणलाई अझ महत्वपूर्ण बनाएको छ ।

## हात्ती नियन्त्रण गर्न माग

**दमक/** सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद इन्दिरा रानामगरले झापासहित तराईका विभिन्न जिल्लाहरूमा बढ्दै गएको हात्ती आतंक नियन्त्रणका लागि सरकारसँग तत्काल कदम चाल्न माग गरेकी छन् ।

बुधबार बसेको प्रतिनिधि सभा बैठकको आकस्मिक समयमा बोल्दै उनले जङ्गल छेउका बस्तीहरूमा सरकारी उपस्थिति शून्य जस्तै रहेको र नागरिकहरु असुरक्षित महसुस गरिरहेको बताइन् । सांसद रानाले झापाको अर्जुनधारा-२ का दिनेश पराजुली जंगली हात्तीको आक्रमणबाट गम्भीर घाइते भई अस्पताल भर्ना भएको जानकारी गराउँदै उनको उचित उपचारको व्यवस्था मिलाउन सरकारलाई आग्रह गरिन् ।

झापा मात्र नभई समग्र तराई क्षेत्रमा जंगली जनावरको त्रासका कारण सर्वसाधारण आतंकित बनेको उल्लेख गर्दै उनले घाइतेको उपचार र राहतमा ढिलाइ नगर्न सचेत गराइन् । वन क्षेत्रमा वनपालेहरूको अभाव र सुरक्षाका न्यूनतम उपायहरु समेत नहुँदा स्थानीयले 'सरकार नभएको' अनुभूति गरिरहेको उनको टिप्पणी थियो ।

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

# चोरी गर्ने गिरोहद्वारा बालबालिकाको प्रयोग

**इटहरी/** मोरङमा मोटरसाईकल चोरी गर्ने गिरोहले बालबालिकाको प्रयोग गर्ने गरेको पाईएको छ । बुढीगंगा गाउँपालिकाबाट चोरी भएको मोटरसाइकल प्रकरणले यस्तो तथ्य उजागर गरेको हो । प्रहरीले चोरी भएको मोटरसाइकल फेला पारेर घटनामा संलग्न रहेको आरोपमा चार जना बालबालिकालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा किशोरीसमेत रहेको प्रहरीले जनाएको छ । सञ्जाल नै खडा गरेर उनीहरू मोरङ र सुनसरीमा चोरीमा संलग्न भइरहेको पाइएको प्रहरी स्रोतले बतायो । बुढीगंगा गाउँपालिका-६ सुकचौरका शेरबहादुर राईले घरअगाडि पार्किङ गरेर राखेको को ३५ प ६३६४ नम्बरको मोटरसाइकल वैशाख २६ गते बिहानका राति चोरी भएको थियो । बिहान मोटरसाइकल नभेटिएपछि राईले तत्काल प्रहरीमा उजुरी दिएका थिए ।

उजुरी लगत्तै इलाका प्रहरी कार्यालय नेमुवाका प्रहरी सहायक निरीक्षक (असई) राजेश श्रेष्ठको नेतृत्वमा टोली परिचालन गरेर खोजी सुरू गरिएको थियो । घटनालाई गम्भीर रूपमा लिएर विभिन्न स्थानमा निगरानी बढाउँदा प्रहरीले मोरङ र सुनसरीमा 'बाइक चोर्ने बालबालिकाको नेटवर्क' पत्ता लगाएको हो । प्रहरीको खोजतलासकै क्रममा चोरी भएको मोटरसाइकल सोही दिन बिहान करिब ११:४० बजेतिर सुनसरीको इटहरी उपमहानगरपालिका-१६ खनारस्थित एउटा घरको कोठा अगाडि फेला परेको थियो । मोटरसाइकल बरामद भएपछि उक्त घरमा डेरा गरेर बस्दै आएकी सुनसरीको बर्जु गाउँपालिका-४ की १६ वर्षीया किशोरीलाई सुरूमा नियन्त्रणमा लिइएको मोरङ प्रहरी प्रमुख कवित कटवालले जानकारी दिए ।

किशोरीलाई नियन्त्रणमा लिएपछि प्रहरीले अनुसन्धानको दायरा फराकिलो बनाएको थियो । त्यसक्रममा मोटरसाइकल चोरीमा संलग्न रहेको आरोपमा थप तीन जना किशोर पक्राउ परे । पक्राउ पर्नेमा मोरङको बुढीगंगा गाउँपालिका-३ का १५ वर्षीय, बुढीगंगा-६ का १५ वर्षीय र सुनसरीको बर्जु-४ का १६ वर्षीय किशोर रहेका छन् । प्रहरी स्रोतका अनुसार पक्राउ परेका चारै जना एकआपसमै चिनजानमा रहेका र समूह बनाएर मोटरसाइकल चोरी गर्ने गरेको आशंका छ । चोरीपछि मोटरसाइकललाई मोरङबाट सुनसरीतर्फ लगेर लुकाएर राखिएको अवस्थामा फेला पारिएको हो । प्रारम्भिक अनुसन्धानमा उनीहरुले योजनाबद्ध रूपमा खुला स्थान र घरअगाडि पार्किङ गरिएका मोटरसाइकललाई लक्षित गर्ने गरेको प्रहरीको भनाइ छ । ति बालबालिकाहरूलाई कुनै गिरोहले प्रयोग गरेको वा उनीहरू आँफै संलग्न रहेका हुन् भन्ने बारे प्रहरीले थप अनुसन्धान जारी रहेको जनाएको छ ।

## एम्बुलेन्समा ४४० किलो गाँजा

**धरान/** धरानबाट प्रहरीले ठूलो परिमाणमा लागुऔषध गाँजासहित एउटा एम्बुलेन्स नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार इलाका प्रहरी कार्यालय धरानबाट खटिएको टोलीले धरान-१३ मा चेकजाँचका क्रममा ४ सय ४० किलो गाँजासहित एम्बुलेन्स नियन्त्रणमा लिएको हो । कोशी प्रदेशका प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक योगन्द्रसिंह थापाका अनुसार को १ च ७३५९ नम्बरको एम्बुलेन्सबाट गाजा बरामद भएको हो। चेकजाँचका क्रममा प्रहरी देखेपछि एम्बुलेन्स छाडेर चालक र ओसारपोसारमा सलग्न व्यक्ति भागेको प्रहरीले जनाएको छ ।

## हुलाकबाटै घरघरमा राहदानी

**दमक/** नेपाल सरकारको सुशासन सुधार कार्ययोजना र १०० दिने कार्यक्रमअन्तर्गत हालसम्म देशका ४१ वटा जिल्लाबाट हुलाकमार्फत राहदानी घरमै पुऱ्याउने सेवा सुरू भएको छ ।

हुलाक सेवा विभागकी महानिर्देशक मनमाया भट्टराई पंगेनीका अनुसार सुरूमा राहदानी विभागसँग ३३ जिल्लाका लागि सम्झौता भए पनि हाल समन्वय गरेर ४१ जिल्लामा यो सेवा विस्तार गरिएको छ । विभागको लक्ष्य बिस्तारै ७७ वटै जिल्लामा यो सेवा पुऱ्याउने रहेको भन्दै उनले यसबाट दुर्गमका नागरिकले सदरमुकामसम्म धाउनुपर्ने बाध्यता हट्ने जनाईन् । यो सेवा प्राप्त गर्न नागरिकले न्यून शुल्क मात्र तिरे पुग्छ । ३२ पानाको राहदानीका लागि ५५ रूपैयाँ र ६८ पानाको राहदानीका लागि ७५ रूपैयाँ महसुल तोकिएको छ । जिल्ला प्रशासन कार्यालयमा राहदानीको फोटो खिचाउने समयमै सेवाग्राहीले हुलाकमार्फत घरमै लिने विकल्प रोज्न पाउने व्यवस्था गरिएको छ ।

विराटनगरस्थित हुलाक निर्देशनालयले मोरङमा पनि यो सेवा सुरू गरिसकेको छ । मोरङमा वैशाख २४ गतेदेखि यो सेवा कार्यान्वयनमा आएको सूचना अधिकारी मोहम्मद जमिर शेखले जानकारी दिए । अहिले दैनिक १० देखि १५ जनाले हुलाकमार्फत राहदानी लिने फारम भर्न थालेका छन् । मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कटेलका अनुसार लेटाङ, केरावारी, मिक्लाजुङ जस्ता पहाडी र विकट क्षेत्रका बासिन्दाका लागि यो सेवा वरदान साबित हुनेछ । यसले राहदानी लिनका लागि सदरमुकाम सम्म धाउनु पर्ने बाध्यताको अन्त्य गरेको छ ।

## शिक्षक-कर्मचारी र विद्यार्थी बराबरी

**खोटाङ/** खोटाङको बछलादेवी आधारभूत विद्यालयमा यस शैक्षिक सत्रमा चार जना मात्र विद्यार्थी रहेका छन् । तीन कक्षासम्म पठनपाठन हुने रावा बेसी गाउँपालिका-६ हौँचुरस्थित यस विद्यालयमा नयाँ शैक्षिक सत्र २०८३ मा चार जना मात्र विद्यार्थी भर्ना भएका हुन् । विद्यालयमा एक जना स्थायी शिक्षक, एक जना बालविकास शिक्षक, एक जना निजी शिक्षक र एक जना कार्यालय सहयोगी गरी चार जना कार्यरत छन् । बालविकासदेखि कक्षा तीनसम्म सञ्चालन भइरहेको बछलादेवी आधारभूत विद्यालयका दुई वटा कक्षा खाली रहेका छन् । बालविकास कक्षामा दुई जना र कक्षा एकमा दुई जना विद्यार्थी भर्ना भएका छन् । कक्षा दुई र तीन खाली रहेको विद्यालयकी प्रधानाध्यापक कल्पना कार्कीले जानकारी दिईन् । अघिल्लो शैक्षिक सत्रमा २१ जना विद्यार्थी रहे पनि नयाँ शैक्षिक सत्रमा चार जना मात्र विद्यार्थी भर्ना भएको उनको भनाइ छ ।

२०४९ सालमा स्थापना भएको यस विद्यालय विद्यार्थी अभावका कारण संकटमा परेको छ । कुनै समय एउटै कक्षामा ३० जनासम्म विद्यार्थीले अध्ययन गर्ने विद्यालयमा अहिले कक्षाकोठा नै खाली भएका छन् । यस क्षेत्रका केही बालबालिका अङ्ग्रेजी माध्यममा पठनपाठन हुने हौँचुरकै शारदा माध्यमिक विद्यालयमा जाने गरेका छन् । कतिपय अभिभावकले दिक्तेल, इटहरी, काठमाडौं लगायतका ठाउँका निजी विद्यालयमा समेत बालबालिका पढाउन लगेको पाइएको छ ।

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।
सामाजिक सञ्जालमा:
■ जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
■ राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
■ कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
■ जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,
■ शान्ति सुरक्षामा खलल पुग्ने,
■ प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने,
■ जनमानसमा भ्रम सिर्जना गर्ने,
जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, हयासट्याग गर्नु हुँदैन।
यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।
नेपाल सरकार
विज्ञापन बोर्ड

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२. प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल